# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १८ गते २०३१ साल

### श्री ५ को सरकार
### पंचायत मन्त्रालयको
### सूचना

**नेपाल बाल संगठनको (दोस्रो संशोधन) विधान, २०३१**

नेपाल बाल संगठनको विधान, २०२४ (यसपछि "मूल विधान" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल बाल संगठनले बनाएको यो विधानलाई राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ अन्तर्गत श्री ५ को सरकारले स्वीकृत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो विधानलाई "नेपाल बाल संगठनको (दोस्रो संशोधन) विधान, २०३१" भनिनेछ ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल विधानको धारा ४ मा संशोधनः– मूल विधानको धारा ४ को उप–धारा (ख) को सट्टा देहायको उप–धारा (ख) राखिएको छः–

"(ख) संगठनको तल्लो इकाई अञ्चल र जिल्ला हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल विधानको धारा ५ मा संशोधनः– मूल विधानको धारा ५ को सट्टा देहायको धारा ५ राखिएको छः–

"५. केन्द्रीय संगठनको अध्यक्षः– श्री ५ महाराजाधिराजबाट केन्द्रीय संगठनको अध्यक्ष मनोनीत गरिबक्सनेछ ।

४. मूल विधानको धारा ५ पछि थपः– मूल विधानको धारा ५ पछि देहायको धारा ५ क, ५ ख, ५ ग, र ५ घ थपिएको छः–

"५ क. केन्द्रीय संगठनको अध्यक्षको काम, कर्तव्य र अधिकारः– केन्द्रीय संगठनको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) केन्द्रीय कार्य समितिको बैठक बोलाउने, बैठकमा अध्यक्षता गर्ने र बैठक स्थगन गर्ने,

(ख) केन्द्रीय कार्य समितिको बैठकमा विशेष मताधिकार प्रयोग गर्ने,

(ग) केन्द्रीय कार्य समितिका उपाध्यक्ष, सचिव, कोषाध्यक्षलगायत सबै सदस्यहरूलाई मनोनीत गर्ने,

(घ) आवश्यक देखेमा अञ्चल र जिल्ला कार्य समितिको सम्मेलन बोलाउने ।

५ख. केन्द्रीय संगठनको उपाध्यक्षको काम, कर्तव्य र अधिकारः– केन्द्रीय संगठनको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) केन्द्रीय संगठनको अध्यक्षबाट तोकिएको कामहरू गर्ने, र

(ख) केन्द्रीय संगठनको अध्यक्षको अनुपस्थितिमा स्वतः कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

५ ग. केन्द्रीय संगठनको सचिवको काम, कर्तव्य र अधिकारः– केन्द्रीय संगठनको सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) केन्द्रीय कार्य समितिले पारित गरेका प्रस्तावहरू, छलफल गरेको विषयहरू र गरेका निर्णयहरूको विधिवत् अभिलेख तयार गरी राख्ने,

(ख) केन्द्रीय संगठनबाट भएका सबै कार्यहरूको विवरण तयार गरी राख्ने,

(ग) केन्द्रीय संगठनको तर्फबाट सम्पूर्ण लेखापढी गर्ने,

(घ) केन्द्रीय कार्य समितिद्वारा पारित प्रस्तावहरू कार्यान्वित गर्ने गराउने,

(ङ) संगठनको विभिन्न शाखा, उप–शाखाहरूको प्रगतिबारे जानकारी लिई केन्द्रीय कार्य समितिलाई अवगत गराउने ।

E82
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ घ. केन्द्रीय संगठनको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः– केन्द्रीय संगठनको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) नेपाल बाल संगठनको सम्पूर्ण आय-व्ययको विवरण तयार गरी राख्ने,

(ख) केन्द्रीय संगठनको बजेट बनाई केन्द्रीय कार्य समितिमा पेश गर्ने,

(ग) स्वीकृत बजेटबमोजिम खर्च गर्ने, तथा खर्चको निकाशा दिने,

(घ) केन्द्रीय संगठनको आय-व्ययको हिसाब लेखापरीक्षण गराई केन्द्रीय अर्थ समितिमा फरफारकको लागि पेश गर्ने ।"

५. मूल विधानको धारा ६ मा संशोधनः– मूल विधानको धारा ६ को सट्टा देहायको धारा ६ राखिएको छः–

"६. केन्द्रीय कार्य समितिः– (१) संगठनको कार्य सञ्चालनको निमित्त केन्द्रमा एक कार्य समिति रहनेछ जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायत बढीमा २३ जनासम्म सदस्यहरू रहनेछन् ।

(२) मनोनीत सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

तर–

(क) पदावधि सकिएका सदस्य पुनः मनोनीत हुन सक्नेछ ।

(ख) कुनै सदस्यले केन्द्रीय संगठनको अध्यक्ष समक्ष लिखित राजीनामा पेश गरी आफ्नो पद त्याग गर्न सक्नेछ ।

(ग) कुनै सदस्यलाई कार्य क्षमताको अभाव भएको वा खराब आचरण गरेकोले हटाउनु पर्ने भनी केन्द्रीय कार्य समितिले गरेको सिफारिशलाई अध्यक्षबाट स्वीकृत भएमा निज सो पदबाट स्वतः हट्नेछ ।

तर सदस्यलाई आफ्नो सफाई दिनको निमित्त मनासिब मौकाबाट बंचित गरिने छैन ।

(घ) लिखित सूचना नदिई केन्द्रीय कार्य समतिको बैठकमा लगातार ३ पटक अनुपस्थित भएमा स्वतः आफ्नो पदबाट हट्नेछ ।

(३) अध्यक्षले केन्द्रीय कार्य समितिको बैठकको प्रत्येक ३ महीनामा एक पटक अनिवार्य रूपले बोलाउनेछ ।

(४) केन्द्रीय कार्य समितिको बैठकको लागि कूल सदस्य संख्याको एक तिहाईभन्दा बढी उपस्थित भएमा गणपूरक भएको मानिनेछ ।"

६. मूल विधानको धारा ७ मा संशोधनः– मूल विधानको धारा ७ को खण्ड (घ) र (ञ) मा रहेको "जिल्ला कार्य समिति" भन्ने शब्दहरूको सट्टा "अञ्चल र जिल्ला कार्य समिति" र खण्ड (च) मा रहेको "जिल्ला समिति" को सट्टा "अञ्चल र जिल्ला कार्य समिति" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल विधानको धारा ८ मा संशोधनः– मूल विधानको धारा ८ लाई धारा ८ को उप–धारा (१) गरी त्यसपछि देहायको उप–धारा (२) थपिएको छः–

"(२) खण्ड (१) बमोजिमको कोषको संचालन कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।"

८. मूल विधानको धारा ८ पछि थपः– मूल विधानको धारा ८ पछि देहायको धारा ८ क, ८ ख, र ८ ग, थपिएको छः–

"८ क. अञ्चल कार्य समितिः– (१) केन्द्रीय कार्य समितिले आवश्यक ठहराएका अञ्चलमा अञ्चल कार्य समितिको गठन गर्न सक्नेछ जस्मा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लगायत ११ जना सदस्यहरू रहनेछन्। सम्बन्धित अञ्चलाधीश पदेन अध्यक्ष हुनेछ र अन्य सदस्यहरूको मनोनयन केन्द्रीय अध्यक्षबाट हुनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

तर–

(क) पदावधि सकिएका सदस्य पुनः मनोनीत हुन सक्नेछ ।

(ख) कुनै सदस्यले अञ्चल संगठनको अध्यक्ष समक्ष लिखित राजीनामा पेश गरी आफ्नो पद त्याग गर्न सक्नेछ ।

(ग) कुनै सदस्यलाई कार्यक्षमताको अभाव भएका वा खराब आचरण गरेकोले हटाउनु पर्ने भनी अञ्चल कार्य समितिले गरेको सिफारिशलाई केन्द्रीय संगठनको अध्यक्षबाट स्वीकृत भएमा निज सो पदबाट स्वतः हट्नेछ ।

तर कुनै सदस्यलाई आफ्नो सफाई दिनको निमित्त मनासिब मौकाबाट वंचित गरिने छैन ।

(घ) लिखित सूचना नदिई अञ्चल कार्य समितिको बैठकमा लगातार ३ पटक अनुपस्थित भएमा स्वतः आफ्नो पदबाट हट्नेछ ।

(३) अञ्चल कार्य समितिको बैठक ३ महीनामा एक पटक अनिवार्य रूपले बोलाउन पर्नेछ । तर अञ्चल संगठनको अध्यक्षले आवश्यक देखेमा जुनसुक बेला बैठक बोलाउन सक्नेछ ।

(४) अञ्चल कार्य समितिको बैठकको लागि कूल सदस्य संख्याको एक तिहाई भन्दा बढी उपस्थित भएमा गणपूरक भएको मानिनेछ ।

८ ख. अञ्चल कार्य समितिका कार्यहरूः– अञ्चल कार्य समितिले निम्नलिखित कार्यहरू

वर्तेख:– आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८९

(क) केन्द्रीय कार्य समितिले तोकिदिएका कार्यहरू,

(ख) आ–आफ्नो अञ्चलभित्रका जिल्ला कार्य समितिहरूको कार्यको रेख-देख र मूल्यांकन गरी केन्द्रीय संगठनमा वार्षिक प्रतिवेदन पेश गर्ने ।

८ ग. अञ्चल बाल कोषः– (१) नेपाल बाल संगठन अञ्चल कोषको नामले अञ्चलहरूमा एक बाल कोष रहनेछ जसमा देहायका रकमहरू रहनेछन्ः–

(क) केन्द्रीय कार्य समितिबाट प्राप्त अनुदान,

(ख) विभिन्न गैरसरकारी संस्था वा व्यक्तिहरूबाट अञ्चल बाल कोषको लागि प्राप्त हुने अनुदान,

(ग) चन्दा संकलनबाट प्राप्त रकम,

(घ) आफ्नो सम्पत्ति बिक्री–वितरणबाट प्राप्त रकम,

(ङ) अञ्चल कार्य समिति आफैले स्थापना तथा सञ्चालन गरेमा बालहित कार्यक्रमबाट प्राप्त आय ।

(२) खण्ड (१) बमोजिम कोषको सञ्चालन कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।"

९. मूल विधानको धारा ९ मा संशोधनः– मूल विधानको धारा ९ को सट्टा देहायको धारा ९ राखिएको छ ।

"९. जिल्ला कार्य समितिः– (१) केन्द्रीय संगठनको अध्यक्षबाट अञ्चलाधीशको सल्लाह लिई जिल्ला कार्य समितिहरूको गठन देहायबमोजिम हुनेछः–

(क) जिल्ला पञ्चायत सभापति– – – – – पदेन अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी– – – – – पदेन कोषाध्यक्ष

(ग) केन्द्रीय संगठनको अध्यक्षबाट सम्बन्धित अञ्चलाधीशको सिफारिशको सिफारिशमा मनोनीत – – – उपाध्यक्ष र अन्य ७ जना सदस्यहरू

(घ) पञ्चायत विकास अधिकारी– – – पदेन सदस्य–सचिव

(२) मनोनीत सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

तर–

(क) पदावधि सकिएका सदस्य पुनः मनोनीत हुन सक्नेछ ।

(ख) कुनै सदस्यले जिल्ला संगठनका अध्यक्ष समक्ष राजीनामा पेश गरी आफ्नो पद त्याग गर्न सक्नेछ ।

(ग) कुनै सदस्यलाई कार्य क्षमताको अभाव भएको वा खराब आचरण गरेकोले हटाउनु पर्ने भनी जिल्ला कार्य समितिले गरेको सिफारिश–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई केन्द्रीय संगठनको अध्यक्षबाट स्वीकृत भएमा निज सो पदबाट स्वतः हट्नेछ। तर कुनै सदस्यलाई आफ्नो सफाई दिनको निमित्त मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(घ) लिखित सूचना नदिई लगातार ३ पटकसम्म जिल्ला कार्य समितिको बैठकमा अनुपस्थित भएमा स्वतः आफ्नो पदबाट हट्नेछ।

(३) जिल्ला कार्य समितिको बैठक प्रत्येक वर्षमा एक पटक अनिवार्य रूपले बोलाउनु पर्नेछ। तर जिल्ला संगठनको अध्यक्षले आवश्यक सम्झेमा जुनसुकै बेलामा बैठक बोलाउन सक्नेछ।

(४) जिल्ला कार्य समितिको बैठकको लागि कूल सदस्य संख्याको एक-तिहाई भन्दा बढी उपस्थिति भएमा गणपूरक भएको मानिनेछ।"

१०. मूल विधानको धारा ११ मा संशोधनः– मूल विधानको धारा ११ लाई धारा ११ को उप–धारा (१) गरी त्यसपछि देहायको उप-धारा (२) थपिएको छः–

"(२) उप–धारा (१) बमोजिमको कोषको सञ्चालन कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट गरिनेछ।"

११. मूल विधानको धारा १२ मा संशोधनः– मूल विधानको धारा १२ को सट्टा देहायको धारा १२ र १२ क. राखिएको छः–

"१२. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः– अञ्चल र जिल्ला कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार आ–आफ्नो तहको संगठनको सम्बन्धमा केन्द्रीय संगठनका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष सरह हुनेछ। तर केन्द्रीय संगठनका अध्यक्ष सरह सदस्यहरू मनोनीत गर्ने अधिकार हुने छैन।

१२ क. विधान संशोधनः– विधान संशोधन गर्नु पर्ने भएमा संशोधन गर्नु पर्ने कारण खुलाई केन्द्रीय कार्य समितिका कमसेकम २ जना सदस्यहरूले लिखित माग पेश गर्न सक्नेछन् र जम्मा सदस्यहरूको दुई तिहाई बहुमतले पारित गरेमा स्वीकृतिको लागि श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ।"

१२. विधानको धारा १३ मा संशोधनः– विधानको धारा १३ मा रहेको "जिल्ला कार्य समिति" भन्ने शब्दहरूको सट्टा "अञ्चल र जिल्ला कार्य समिति" भन्ने शब्दहरू राखिएको छ।

आज्ञाले–
जङ्गबहादुर चन्द
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पंचायत मन्त्रालयको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यस मन्त्रालय अन्तर्गत देहायका पदमा देहायका व्यक्तिहरूलाई मिति २०३१।१०।१० देखि बढीमा ३ महीनाको लागि कायम मुकायम मुकरर गरेको छः–

१. स.आ.ले.प. श्री सुरेन्द्रजङ्ग शाहीलाई जि. पं. का हुम्लाको पं. वि. अ. पदमा,

२. स.पं.वि.अ. श्री फुलेन्द्रप्रसाद कुर्मीलाई जि.पं.का. महोत्तरीको पं. जि. अ. पदमा र

३. का.मु.पं.वि.अ. श्री मोहन चौधरीलाई जि.पं.का. रूपन्देहीको का.मु.पं. वि. अ. पदमा ।

जङ्गबहादुर चन्द
श्री ५ को सरकारको सचिब

श्री ५ को सरकार

## पंचायत मन्त्रालय

## दुर्गम क्षेत्र एवं स्थानीय विकास विभागको

### सूचना

श्री ५ को सरकारले क्रमशः मिति ०३१।६।१४ र ०३१।६।१६ को निर्णय अनुसार यस विभाग र अन्तर्गत कार्यालयको देहायका अधिकृतहरूलाई देहायबमोजिम सरूवा गरेको छ :–

| क्र. सं. | नाम | साविक पद र कार्यालय | हाल सरूवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री धर्मानन्द भट्ट | शाखा अधिकृत, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग । | योजना अधिकृत, क्षेत्रीय कार्यालय, नेपालगञ्ज । |
| २. | श्री अनिरूद्ध ठाकुर | शाखा अधिकृत, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग । | योजना अधिकृत, क्षेत्रीय कार्यालय, विराटनगर । |
| ३. | श्री हरिहर शर्मा | योजना अधिकृत, क्षेत्रीय कार्यालय, नेपालगञ्ज । | शाखा अधिकृत, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग । |
| ४. | श्री दुर्गाराज शर्मा | योजना अधिकृत, क्षेत्रीय कार्यालय, नेपालगञ्ज । | शाखा अधिकृत, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग । |

आज्ञाले–
तारादेव भट्टराई
महानिर्देशक

556

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।